# कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन

# कार्यविधि, २०७६

(माननीय मन्त्रीस्तरीय निर्णयबाट प्रथम संशोधन मिति २०७७/०५/२३)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन (प्रथम संशोधन ) कार्यविधि, २०७६- २०७७/०५/२३

**प्रस्तावना:** निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाउन र पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति गरि प्रदेशलाई आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्न जरुरी देखिन्छ। यस प्रदेशको १३ वटै जिल्लामा सम्भाव्यताका आधारमा गाई, भैंसी, राँगा, बाख्रा, भेडा, कुखुरा, बंगुर र माछा क्षेत्रको विकास र विस्तार कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्ने उदेश्यले *बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले " **कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " **कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले +...........भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको लागि स्विकृत भएका कार्यक्रम सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार,* बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(घ) **"मूल्याङ्कन समित"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

---

*प्रथम संशोधनद्वारा संशोधित

+ प्रथम संशोधनद्वारा हटाइएको

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) दुध, फुल र मासुको उत्पादन लागत कम गर्ने,

(ग) प्रदेश सरकारको पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको विकास तथा विस्तार गर्न नीति तथा कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले सञ्चालन गर्ने,

(घ) कृषकहरुलाई व्यावसायमूखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. <u>मूल्याङ्कन समितिः</u> साझेदार संस्थाबाट प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, स्थलगत प्रमाणिकरण र सिफारिसका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| कानुन अधिकृत(सम्भव भएसम्म), | सदस्य |
| पशु विकास अधिकृत/ प.चि, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| प्रमुख, खरीद इकाई भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य-सचिव |

<u>नोटः</u> आवश्यकता अनुसार समितिले बढिमा दुई जना विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. [+]......................भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको लागि स्विकृत भएका तपशिलमा उल्लेख कार्यक्रमहरु देहाय बमोजिमका अनुदान रकम साझेदार संस्थालाई प्रदान गरिने छ।

[+] प्रथम संशोधनद्वारा हटाइएको

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

तपशिलः

| क.स | कार्यक्रम | इकाई | प्रति इकाई अनुदान रु हजारमा | अनुदानको किसिम | साझेदार संस्था | अनुदानमा सञ्चालन गर्न सकिने कार्यहरु | संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | पशुपन्छी नमुना फार्म विकास तथा विस्तार कार्यक्रम | सख्या | १५०० | बढिमा १५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | गोठ सुधार, निर्माण/ काउ म्याट/ मेशिनरी औजार/ आहारा बिकास तथा अन्य | जिल्लाभर |
| २ | व्यवसायिक गाई/भैंसी पालन प्रवर्द्धन गोठ निर्माणमा अनुदान | सख्या | १५०० | बढिमा १५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | गोठ सुधार, निर्माण/ काउ म्याट/ मेशिनरी औजार | जिल्लाभर |
| ३ | नमुना बंगुर फार्म विकास तथा विस्तार कार्यक्रम | संख्या | १५०० | बढिमा १५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर सुधार, निर्माण/उन्नत नश्लका पाठापाठी/ मेशिनरी औजार तथा अन्य | यो कार्यक्रम रामेछाप जिल्लाको खाँडादेवी र रामेछापमा संचालन हुनेछ। |
| ४ | व्यवसायिक बाखापालन प्रवर्द्धन खोर निर्माणमा अनुदान | सख्या | १००० | बढिमा १० लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर सुधार, निर्माण/ मेशिनरी औजार तथा अन्य | जिल्लाभर |
| ५ | नमुना चौरी प्रवर्द्धन कार्यक्रम | सख्या | १००० | बढिमा १० लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खर्क सुधार/ घुम्ती गोठ व्यवस्थापन/ पानी व्यवस्थापन/ उपकरण तथा अन्य | यो कार्यक्रम रामेछाप जिल्लाको दोरम्वा/ उमाकुण्डमा संचालन हुनेछ। |
| ६ | व्यवसायिक पाडापाडीपालन प्रवर्द्धन गोठ निर्माणमा अनुदान | सख्या | १००० | बढिमा १० लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर सुधार, निर्माण/ मेशिनरी औजार तथा अन्य | जिल्लाभर |
| ७ | व्यवसायिक बंगुरपालन प्रवर्द्धन | सख्या | ८०० | बढिमा ८ लाख वा लागतको | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर सुधार, निर्माण/ मेशिनरी औजार तथा अन्य | जिल्लाभर |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खोर निर्माणमा अनुदान | | | ५० प्रतिशतमा नबढ्ने गरी | | | |
| ८ | मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम अनुदान | हेक्टर | ५०० | बढिमा ५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | नयाँ पोखरी निर्माण/ एरिएटर | जिल्लाभर |
| ९ | व्यवसायिक भेडापालन प्रवर्द्धन कार्यक्रम | सख्या | ५०० | बढिमा ५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर सुधार/ थुमा खरिद/ आहारा व्यवस्थापन/ मेशिनरी औजार तथा अन्य | जिल्लाभर |
| १० | पशुपन्क्षी गोठ-खोर /मत्स्य पोखरी सुधारमा अनुदान | सख्या/ हेक्टर | २०० | बढिमा २ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | खोर/गोठ सुधार, निर्माण/ काउ म्याट तथा पोखरी सुधार/ एरिएटर | जिल्लाभर |
| ११ | पशुपालक कृषकहरुलाई पशु आहारा (TMR/पेलेट फिड ब्लक/ साइलेज) मा ५० प्रतिशत अनुदान | सख्या | ५०० | लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | TMR/ पेलेट फिड ब्लक/ साइलेज खरिद | जिल्लाभर |
| १२ | ५०० लिटरको चिलिङ्ग भ्याट वितरण | संख्या | २०० | बढिमा २ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | चिलिङ्ग भ्याट खरिद | जिल्लाभर |
| १३ | दुग्ध ढुवानीको लागि स्टील क्यान ४० लि. क्षमता | संख्या | १० | बढिमा १० हजार वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | स्टील क्यान खरीद | जिल्लाभर |
| १४ | मासु पसल सुधार कार्यक्रम | संख्या | ५० | बढिमा ५० हजार वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | मेशिनरी औजार/ भौतिक सुधार | जिल्लाभर |
| १५ | छाडा पशु संकलन तथा गौशाला सहयोग कार्यक्रम | संख्या | ६२० | बढिमा ६लाख २० हजार वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | संघ/संस्था/ समुह/समिति/ सहकारी | भौतिक पूर्वाधार सुधार/ मेशिनरी औजार | जिल्लाभर |
| १६ | स्थानीय/ ग्रामीण चल्लाको लागि मिनी ह्याचरी स्थापना | संख्या | २०० | बढिमा २ लाख वा लागतको ८० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | मिनी ह्याचरी खरिद | जिल्लाभर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | स्थानीय/ ग्रामीण कुखुरा प्रर्वद्धन | संख्या | १०० | बढिमा १ लाख वा लागतको ८० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | चल्ला खरिद/ दाना पानी खाने भाँडो | जिल्लाभर |
| १८ | मत्स्य ह्याचरी निर्माण | संख्या | ५०० | बढिमा ५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | भौतिक पूर्वाधार निर्माण | जिल्लाभर |
| १९ | ५०० लि. दुग्ध ढुवानी स्टील ट्याङ्की | संख्या | १०० | बढिमा १ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | स्टील ट्याङ्की खरिद | जिल्लाभर |
| २० | केजमा मत्स्य पालन | संख्या | ५ | बढिमा ५ हजार वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | केज खरिद तथा अन्य | जिल्लाभर |
| २१ | मोटर सहितको च्यापकटर वितरण | सख्या | ३० | बढिमा ३० हजार वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/समिति/ सहकारी/ नीजि क्षेत्र | च्यापकटर खरिद | जिल्लाभर |
| #२२ | मत्स्य ह्याचरीको क्षमता वृद्धि एंव स्तरोउन्नतिको | संख्या | १५०० | बढिमा १५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | सहकारी/नीजी | अनुसूची- ६ बमोजिम | |
| #२३ | घाँस खेती विस्तार | हेक्टर | १०० | बढिमा १ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/सहकारी /निजी | | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियामवली, २०६४ अनुसार |
| #२४ | स्थानीय खरि बाखा संरक्षण र प्रवर्द्धन कार्यक्रम | संख्या | १५०० | बढिमा १५ लाख वा लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/सहकारी | अनुसूची- ६ बमोजिम | |
| #२५ | साझेदारीमा पशुपन्छी/मत्स्य पालन एंव उत्पादनमा प्रयोग हुने मेशिनरी औजार तथा उपकरण वितरण | पटक | प्रस्तावकको माग तथा स्वीकृत बजेट रकमको आधारमा प्रति इकाई दर निर्धारित हुनेछ | लागतको ५० प्रतिशतमा नबढ्ने गरी | समुह/सहकारी /निजी | प्रस्तावकको मागमा परेका उपकरण तथा आवश्यकता र औचित्यताको आधारमा | कार्यक्रम संचालन प्रकृया अनुसूची- ७ बमोजिम गरिनेछ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| #२६ | बाँझो जमिनमा घाँस खेती | हेक्टर | ४० | १ हेक्टरको लागि बढिमा ४० हजार | समुह/सहकारी/निजी | हिउदे/बर्षे/बहुबर्षे घाँस खेती तथा सो सँग सम्बन्धित प्राविधिकले सिफारिस गरेका क्रियाकलापहरु | |
| #२७ | कबुलियती बन तथा पशु विकास कार्यक्रम | पटक/समुह | १०० | प्रति समूह बढिमा रु १ लाख | कबुलियती बन समुह | कम्तीमा प्रति समुह १ हेक्टरमा घाँस खेती, घाँस/बाखा पालन सम्बन्धी तालिम र वंश सुधारको लागि बोका खरिद | |

७. <u>प्रस्ताव आह्वानः</u> यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न तीस दिनको समय अवधी दिई दैनिक पत्रिकामा अनुसूचि -१ बमोजिम कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

८. <u>प्रस्ताव दर्ताः</u> यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले दफा ७ बमोजिमको समय अवधि भित्र अनुसूचि- २ बमोजिम आवेदन ,अनुसूचि 3- बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अनुसूचि 4- बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावपत्र-का साथ कार्यालयमा प्रस्ताव दर्ता गर्नेछ ।# प्रस्ताव Online मार्फत पनि दर्ता गर्न सकिनेछ। साथै प्रस्ताव Online मार्फत दर्ता गर्दा आवेदकले आवश्यक कागजातहरु प्रमाणित गरि फार्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ।

९. <u>साझेदार संस्थाको छनौटः</u> साझेदार संस्थाको छनौट प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कनका आधार/ मापदण्डहरू तयार गरि प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(ख) मूल्याङ्कन समितिलाई आवश्यक लागेमा स्थलगत प्रमाणिकरण समेत गर्न सक्नेछ।

(ग) स्थलगत प्रमाणिकरण र मूल्याङ्कनका आधारहरूमा आवेदक संस्थाको छनौट गरि स्वीकृतिका लागि कार्यालयमा पेश गर्नु पर्नेछ।

(घ) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ङ) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. <u>प्रस्तावकलाई जानकारीः</u> छनौट भएको साझेदार संस्थालाई कार्यालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनेछ ।

---

#प्रथम संशोधनद्वारा थपिएको

११. <u>सम्झौता:</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिन भित्र अनुसूचि -५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. कार्यक्रममा अनुदान वितरण कार्यक्रम सञ्चालन गर्न साझेदार संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम क्रियाकलापहरु समेटिने गरि सम्झौतामा उल्लेख गरिनेछ। सोही बमोजिम साझेदार संस्थाले तोकिएको समय भित्र सम्झौतामा उल्लेख भए अनुसार कार्यक्रम गर्नु पर्नेछ ।

१३. सम्बन्धित साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/विजक, दाखिला रिपोर्ट, कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात यस कार्यालयले स्थलगत निरिक्षण गरी मनासिब देखेमा अनुदान रकमको २ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरि साझेदार संस्थाको बैङ्क खाता मार्फत भुक्तानी दिनेछ ।

१४. सहकार्य गर्ने संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै व्यवस्था गर्न सक्नेछ।

१५. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

१६. अनुदान रकमको दुरुपयोग गरेमा तथा सम्झौता बमोजिम कार्य नगरेमा, प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## विविध

१७. <u>प्रगति प्रतिवेदन:</u> (१) साझेदार संस्थाले चौमासिक रुपमा कार्य सम्पादन भएको एक वर्षसम्म प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरि कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

१८. <u>कार्यक्रमको प्रभावकारीता</u>: कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै एउटै काममा दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. <u>संशोधन र खारेज</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२०. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -१
(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचना**

आर्थिक वर्ष [+] ............ को....................................................................... स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम रहेकोले कार्यान्वयनमा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले तीस दिनभित्र अनुसूचि -२ बमोजिम आवेदन-पत्र, अनुसूचि -३ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव र अनुसूचि -४ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्रका साथ आवश्यक कागजातहरु संलग्न गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...............मा पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपशिलः

| क.स. | क्रियाकलाप/कार्यक्रम | इकाई | प्रति इकाई अनुदान रु हजारमा | अनुदानको किसिम | साझेदार संस्था |
|---|---|---|---|---|---|
| | | | | | |

**नोटः** कार्यक्रम सम्बन्धी विस्तृत विवरण सम्बन्धित कार्यालयको सूचना पाटी हेर्न सकिने छ ।

---

[+] प्रथम संशोधनद्वारा हटाइएको

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -२

(दफा ८ संग सम्बन्धित)

आवेदन-पत्र

मितिः.......................

श्रीमान कार्यालय प्रमुखज्यू,
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ..............

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति .............. गते ................ पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम .......................................... कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरिको छु। अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. रु. दशको हुलाक टिकट,
२. कृषक समूह/ सहकारी/ निजी क्षेत्रको दर्ता प्रमाण-पत्र,
३. अन्य प्रमाणित पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि),
४. लिजमा लिएको जग्गाको हकमा ५ वर्षको करारनामा सहित द्विपक्षीय सम्झौता,
५. समूह/ सहकारी भएको हकमा बैठक निर्णयको प्रतिलिपि,
६. स्थानीय तहको सिफारिस
७. अनुसूचि -३ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव र अनुसूचि -४ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

आवेदकको:

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -३

(दफा ८ संग सम्बन्धित)

<u>लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र</u>

मितिः ... ... ... ... ...

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ... ।

विषयः <u>लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।</u>

महोदय,

तहाँ कार्यालयको मिति ............गते...........पत्रिकामा साझेदार संस्थासँगको लागत साझेदारीमा ................................................ कार्यक्रममा अनुदान वितरण कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो कृषक समूह/ समिति/ निजि/ सहकारी संस्थाले कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कुल लागत रु........................को रकम रु.................... अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु............................(अक्षरुपी रुपैयाँ .......................मात्र) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने कृषक समूह/ समिति/ निजि/ सहकारी संस्था सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिबद्धता जाहेर गर्दछु/ गर्दछौं ।

<u>जिम्मेवार पदाधिकारी</u>

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -४

(दफा ८ सँग सम्बन्धित)

## प्राविधिक तथा आर्थिक प्रस्ताव-पत्र

| | | | | |
|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | |
| ३ | आवदेकको नाम | | | |
| ४ | आवदेकको ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | |
| ६ | संस्था दर्ता नम्बर | | | |
| ७ | दर्ता भएको निकाय र दर्ता मिति | | | |
| ८ | आवेदक संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | | | |
| ९ | भ्याट/पान दर्ता नम्बर | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | |
| १२ | माग गरेको अनुदान रकम रु. | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | |
| १३.१ | | | | |
| १३.२ | | | | |
| १३.३ | | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी म...
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४.४ | खानेपानीको सुविधा (छ/छैन) | | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा/सेयर होल्डर/प्रोपराइटर) | | |
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः | | | | | |
| १७.१ | | | | | | |
| १७.२ | | | | | | |
| १७.३ | | | | | | |
| १७.४ | | | | | | |
| १८ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | | | | | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | | | | | साझेदारी हुने रकम रु. |
| १८.१ | | | | | | |
| १८.२ | | | | | | |
| १९ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): | | | | | |
| १९.१ | | | | | | |
| १९.२ | | | | | | |
| २० | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | | | | | |
| | अनुभव तथा तालिमहरु | | | | | अवधी |
| २०.१ | | | | | | |
| २०.२ | | | | | | |
| २०.३ | | | | | | |
| २१ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | | | | |

| ख) आर्थिक प्रस्तावः |
|---|

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | कार्यालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/छौं ।

प्रस्तावक निजि-सहकारी संस्थाको जिम्मेवार पदाधिकारीको तर्फबाटः

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छापः | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -५
(दफा ११ सँग सम्बन्धित)

## द्विपक्षिय सम्झौता-पत्र

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको........ आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साझेदारीमा ............................................ कार्यक्रममा कृषक समूह/ समिति/ सहकारी/ निजि व्यवसायीसँगको लागत साझेदारीमा सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र............ (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनको लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/ दियौं ।

तपशिलः

१. प्रथम पक्षले ............................................ कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु.......... ........... मध्येको दुई प्रतिशत कन्टिन्जेन्सी कट्टा गरि दोस्रो पक्षलाई रु . ) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...अक्षेरुपी ( ........................................अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।
२. दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट /प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।
३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।
४. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको हेर्ने र आवश्यक सल्लाह /सुझाव दिन सक्नेछ ।
५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।
६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

८. दोश्रो पक्षले सम्झौता अनुरुप कार्यक्रम नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ ।

९. दोश्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन /नियम बमोजिम सरकारी बाँकी /बक्यौता सरह असुल उपर गर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

**इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## #अनुसूची- ६
### (दफा ६ सँग सम्बन्धित)
### कार्यक्रम संचालन क्रियाकलापहरु

(क) मत्स्य ह्याचरीको क्षमता वृद्धि एंव स्तरोउन्नति कार्यक्रम अन्तर्गत अनुदानग्राहीले संचालन गर्नु पर्ने क्रियाकलापहरु:

| क्र.स | क्रियाकलापहरु | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | ओभरहेड ट्यांक | बढिमा ५० प्रतिशत | |
| २ | ह्याचरी घर | | |
| ३ | प्रजनन पूर्व र प्रजनन पश्चात माउ माछा राख्ने ट्याङ्क (Holding Tank) | | |
| ४ | प्रजनन वा स्पनिङ्ग ट्याङ्क (Spawning Tank) | | |
| ५ | इन्कुवेशन ट्याङ्क वा ह्याचिकङ्ग ट्याङ्क (Incubation Tank) | | |
| ६ | ह्याचलिङ्ग हुर्काउने ट्याङ्क (Hatchling Nursing Tank) | | |
| ७ | कन्डिसनिङ् ट्यांक | | |
| ८ | बोरिङ | | |
| | जेनेरेटर | | |
| ९ | अन्य आवश्यक पर्ने औजार/उपकरण (ह्यामक, बिभिन्न साईजका स्कुपनेट, माऊमाछा समात्ने जाल, चट्टि जाल, ईन्कुवेसन ट्यांकमा प्रयोग हुने पातलो नरम कपडा, ब्यालेन्स, नाप्ने फिता वा स्केल, स्पनिङ् ट्यांक ढाक्न मोटो जाल, हापा, प्लासटिकका बाटा बाल्टिन) | | |

(ख) स्थानीय खरि बाख्रा संरक्षण र प्रवर्द्धन कार्यक्रम कार्यक्रम अन्तर्गत अनुदानग्राहीले संचालन गर्नु पर्ने क्रियाकलापहरु:

| क्र.स | क्रियाकलपहरु | अनुदान रकम खर्च प्रतिशत | केफियत |
|---|---|---|---|
| १ | खोर निर्माण र जैविक सुरक्षाका उपायहरुको अवलम्बन | ७४% | |
| २ | घाँसको विउ/बेर्ना खरिद | ३% | |
| ३ | व्यवसायिक बाखा फार्मका लागि औजार/उपकरण खरिद (तौल मेशिन, डिपिङ्ग टयाक, च्याफ कटर, प्राथमिक उपचार बक्स , फामाचा कार्ड, आदि) | १५% | |
| ४ | प्रजनन् योग्य खरि बोका खरिद (बढीमा २ वटा) | ३% | |
| ५ | क्षमता विकास तालिम (बाख्रापालन, अभिलेखिकरण) | ५% | |

# प्रथम संशोधनद्वारा थपिएको

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## #अनुसूची- ७
### (दफा ६ सँग सम्बन्धित)
### कार्यक्रम संचालन प्रकृया

साझेदारीमा पशुपन्छी/मत्स्य पालन एंव उत्पादनमा प्रयोग हुने मेशिनरी औजार तथा उपकरण वितरण कार्यक्रम प्रकृयाः

(क) साझेदारीमा पशुपन्छी/मत्स्य पालन एंव उत्पादनमा प्रयोग हुने मेशिनरी औजार तथा उपकरण वितरण कार्यक्रममा भाग लिन ईच्छुक आवेदकहरुसँग तोकिएको ढाँचा अनुसार प्रस्ताव माग गर्ने,

(ख) आवेदकले उक्त कार्यक्रममा आवेदन दर्ता गर्दा आवेदन पत्रका साथ आफ्नो व्यवसायको छोटो परिचय, आवश्यक उपकरणको नामावली तथा उक्त उपकरणबाट आवेदकलाई हुन सक्ने लाभको संक्षिप्त जानकारी सहित आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ,

(ग) आवेदकको माग तथा आवश्यकता र औचित्यताको आधारमा कार्यालयले उपकरणहरुको स्फोसिफिकेसन तयार गर्नेछ,

(घ) यस कार्यक्रमको लागि छनौट भएका आवेदकहरुले ५०% अनुदान प्राप्त गर्नेछन् तथा बाँकी ५०% रकम वोलपत्र आवह्वान हुनुभन्दा अगावै कार्यालयले तोकेको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ।

(ङ) उपकरणहरुको स्फोसिफिकेसनको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियामवली, २०६४ अनुसार कार्यालयले आपूर्तिकर्ताहरुसँग उपकरण माग गरि आवेदकहरुलाई वितरण गर्नु पर्नेछ।

---

# प्रथम संशोधनद्वारा थपिएको